**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - १४**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ जेठ २१ गते मंगलबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको चौधौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले पेश गर्नुभएको "आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट)" माथिको सामान्य छलफलमा भाग लिन चाहनुहुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा. बलराम प्रसाद बाँस्कोटा
२. मा. राधेश्याम अधिकारी
३. मा. दिल कुमारी रावल थापा (पार्वती)
४. मा. डा. विमला राई पौड्याल
५. मा. विन्दादेवी आले (राना)
६. मा. रमेश प्रसाद यादव
७. मा. हरिचरण शिवाकोटी
८. मा. विना पोखरेल
९. मा. अनिता देवकोटा
१०. मा. शेर बहादुर कुँवर
११. मा. रामपृत पासवान
१२. मा. खिम कुमार वि.क.
१३. मा. ठगेन्द्र प्रकाश पुरी
१४. मा. रामनारायण विडारी
१५. मा. रमेश जंग रायमाझी
१६. मा. चक्रप्रसाद स्नेही
१७. मा. कोमल वली
१८. मा. इन्दु कडरिया
१९. मा. सुमनराज प्याकुरेल

तत्पश्चात्, सम्माननीय अध्यक्षले "आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट)" माथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्नेक्रम आगामी बैठकमा जारी रहने जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्रीले पेश गर्नुभएको "आर्थिक वर्ष २०७६/०७७ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)" माथिको सामान्य छलफलका लागि मिति २०७६ जेठ २३ गतेका दिन तोकिएकोमा उक्त छलफल सम्वत् **२०७६ साल जेठ २७ गते** तोकिएको व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल जेठ २७ गते सोमबार विहान ११:०० बजे** बस्ने गरी **दिनको १:५० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव